Vangmaya
Vol. 21, No. 1: 37-52, December 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/10.3126/vangmaya.v21i1.74211

# ‘सधैँ सधैँ मेरो सपना’मा कवितामा ध्वन्यार्थ

**उपप्रा. केशवराज अधिकारी**

## लेखसार

*प्रस्तुत लेख सधैँ सधैँ मेरो सपनामा कविताको ध्वनि विश्लेषणसँग सम्बन्धित छ । भूपीको प्रस्तुत कवितामा ध्वन्यात्मक अर्थ के कसरी अभिव्यञ्जित भएको छ भन्ने मूल प्राज्ञिक जिज्ञासामा यो अनुसन्धान केन्द्रित रहेको छ । प्रस्तुत कवितामा ध्वनिको आश्रय र स्वरूपका आधारमा ध्वन्यार्थको खोजी गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । यसमा पुस्तकालयीय कार्यबाट भूपीका कवितालाई प्राथमिक सामग्री र ध्वनि सिद्धान्तसम्बद्ध टीका एवम् निर्दिष्ट कवितासम्बन्धी भएका पूर्व अध्ययनका सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । पूर्वीय साहित्य सिद्धान्तका ध्वनि विश्लेषणका आश्रयगत आधारका पदावली र प्रकरण तथा ध्वन्यार्थ प्रतीतिको स्वरूपगत आधारमा प्रस्तुत कविताको विश्लेषण गरिएको छ । साथै तत्तत् आधारमा कवितामा अन्तर्निहित ध्वनि पहिचान गरी त्यसले काव्यमा सिर्जना गरेको सौन्दर्यको विश्लेषण गर्ने प्रयास यस लेखमा गरिएको छ । प्रस्तुत कवितामा तत्कालीन नेपाली समाजको दास मानसिकताका कारण कायम हुन गएको विदेशी औपनिवेशिकताले नेपालीहरूको शिर निहुरिएको ध्वन्यार्थ प्रकरणका तहमा व्यक्त भएको देखिन्छ । यस प्रकारको नेपाल र नेपालीको अदूरदर्शी सोचले देशभक्त वीर गोर्खालीको गौरवको संस्कृति विद्रूपीकरण हुँदै गएको देखाइएको छ । यसले देशको वर्तमान भयावह स्थिति त छँदै छ भविष्यको समेत राम्रो सङ्केत नदेखिएको हुँदा बेलैमा सच्चिनु पर्ने सन्देशसहितको ध्वन्यार्थ यसको निष्कर्ष हो । साथै ध्वन्यार्थ प्रतीतिमा वस्तुध्वनि र अलङ्कार ध्वनि रसध्वनिकै अङ्गी बनेर सिङ्गो काव्यको व्यङ्ग्यार्थ ध्वनित गर्न समर्थ हुनु यसको प्राप्ति हो ।*

**शब्दकुञ्जी :** अभिव्यञ्जन, उपमा, प्रकरणा, प्रतीति, व्यङ्ग्यार्थ ।

## १. विषयपरिचय

‘सधैँ सधैँ मेरो सपनामा’ भूपी शेरचनको *घुम्ने मेचमाथि अन्धो मान्छे* (२०२६) कविता सङ्ग्रहमा सङ्गृहीत कविता हो । उनको कविता यात्राको तेस्रो चरणको सुरूवातसँगै शारदा मासिक पत्रिकामा प्रकाशित उक्त कविता व्यङ्ग्य चेतना भएको कविता हो । मुक्त गद्य लयका पचास पङ्क्तिमा संरचित प्रस्तुत कवितामा सामाजिक बेथितिमाथि कडा व्यङ्ग्य प्रहार गरिएको छ । कवि भूपी शेरचनको प्रस्तुत व्यङ्ग्ययुक्त कवितामा व्यङ्ग्यार्थ अर्थात् अभिव्यञ्जित ध्वन्यार्थको विश्लेषण गर्नु प्राज्ञिक दृष्टिले वाञ्छनीय देखिएको छ ।

ध्वन्यार्थ शब्द पूर्वीय साहित्यमा व्यङ्ग्यार्थका रूपमा प्रसिद्ध छ । साहित्यशास्त्रमा ध्वनिको प्रमुख आधार व्यञ्जना शब्दशक्तिलाई मानिएको छ । काव्यमा व्यञ्जना वृत्तिद्वारा प्रतीयमान अर्थको प्रतीति गराउने अर्थलाई ध्वनि भनिएको छ । ध्वनि शब्दले सामान्य अर्थमा आवाजलाई सङ्केत गरे पनि संस्कृत साहित्यमा ध्वनि शब्दले एउटा विशेष प्राविधिक वा

पारिभाषिक अर्थ लिएको पाइन्छ। साहित्यका सन्दर्भमा ध्वनि भन्नाले काव्यबाट प्राप्त हुने रसानुभूति वा आनन्दानुभूतिका रूपमा अर्थ्याइएको छ । जुन काव्यमा व्यङ्ग्य अर्थ वाच्य अर्थभन्दा धेरै चमत्कारी हुन्छ त्यसलाई ध्वनि काव्य वा उत्तम काव्य भनिन्छ (ढकाल, २०६७, पृ. ४५) । भाषाको विशिष्ट प्रयोगको शिल्प शैली जुन अभिव्यक्तिमा हुन्छ त्यस्ता काव्यमा ध्वनिको निरूपण गर्न सकिन्छ । यसै सन्दर्भमा नेपाली काव्य साहित्यमा भूपी शेरचनका कविताहरूमा भएका पूर्व अध्ययनहरूले उनका कविताहरूलाई उत्तम काव्यका रूपमा स्थापित गरेका छन् । पूर्व अध्ययनका रूपमा सुधा त्रिपाठी (२०५८) ले भूपीको हामी कवितालाई व्यञ्जना वृत्तिका सन्दर्भमा अध्ययन विश्लेषण गर्दै भूपीका समग्र कविताको व्यङ्ग्य प्रयोग निकै तीक्ष्ण, युगबोधपूर्ण र अर्थ गाम्भीर्ययुक्त भएको बताएकी छन् (पृ. १९) । त्यस्तै बद्रीविशाल भट्टराई (२०४७)ले पनि भूपी कवितामा भावसज्जा र कलात्मक सज्जा शीर्षकको अध्ययनमा भूपीका कवितामा उपमा, रूपक, दृष्टान्त र विरोधाभास अलङ्कारको उपयोगका साथै भावको विम्बात्मक प्रस्तुतिमा पनि खप्पिस छन् भनेका छन् (पृ. १३१) । राजेन्द्र सुवेदी (२०४७) ले पनि भूपीका कवितामा उपेक्षित उपमानको प्रयोगः कवि भूपीको घुम्ने मेचमाथि अन्धो मान्छेभित्र शीर्षकको अध्ययनमा उपमान र उपमेयको प्रयोग क्षेत्र तालिकीकरणमा प्रस्तुत गर्दै भूपीका कविताको शिल्प पक्ष प्रस्तुत गरेका छन् (पृ. १०४) । यसरी भूपीका कविताहरू पूर्वीय साहित्य सिद्धान्तमा आधारित रहेर अध्ययन गरिएको भए पनि ध्वनि सिद्धान्तकै आधारमा सधैँ सधैँ मेरो सपनामा कविता अध्ययन विश्लेषण नभएको सन्दर्भमा प्रस्तुत कवितालाई ध्वनि सिद्धान्तका आधारमा विश्लेषण गर्नु वाञ्छनीय देखिन्छ । भूपीको प्रस्तुत कवितामा कुन-कुन ध्वन्यात्मक अर्थ के कसरी अभिव्यञ्जित भएको छ भन्ने मूल प्राज्ञिक जिज्ञासामा यो लेख केन्द्रित रहेको छ। साथै प्रस्तुत कविताको ध्वन्यात्मक सौन्दर्य मूल्य निरूपण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने पदावली र प्रकरणाश्रित एवम् स्वरूपगत ध्वनि यसको सीमा हो ।

## २. अध्ययनविधि

प्रस्तुत लेखमा ध्वनि सिद्धान्तमा आधारित रहेर सधैँ सधैँ मेरो सपनामा कविताको विश्लेषण गरिएको छ । यसमा प्राथमिक सामग्रीका रूपमा भूपीको कवितालाई लिइएको छ भने द्वितीयक सामग्रीमा ध्वनि सिद्धान्तसम्बद्ध टीका एवम् निर्दिष्ट कवितासम्बन्धी भएका पूर्व अध्ययनका सामग्रीहरूको उपयोग गरिएको छ । सामग्री सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । प्रस्तुत अध्ययन ध्वन्यार्थकेन्द्रित रहेकाले गुणात्मक प्रकृतिको रहेको छ । सधैँ सधैँ मेरो सपनामा कवितामा आश्रयगत आधारमा पदावली र प्रकरणाश्रित ध्वनिको मात्र विश्लेषण गर्न र स्वरूपगत आधारमा वस्तुध्वनि, रसध्वनि र अलङ्कारध्वनि प्रतीतिको विश्लेषण गर्न पाठात्मक विधि अवलम्बन गरिएको छ। प्रयुक्त पदावली र प्रकरणका तहको सीमाभित्र रहेर ध्वन्यार्थ प्रतीतिको स्थितिलाई समग्र कविताको सन्दर्भका तथ्यहरूसहित ध्वनि सिद्धान्तका आधारमा विश्लेषण गरी रसध्वनिसहितको निष्कर्ष निकालिएको छ ।

## ३. सैद्धान्तिक आधार

पूर्वीय साहित्य परम्परामा रस, अलङ्कार, रीतिपछि नवौँ शताब्दीका आनन्दवर्द्धनद्वारा प्रतिपादित साहित्यको एउटा अर्को सैद्धान्तिक स्थापना ध्वनि वा ध्वनिवाद हो । आचार्य आनन्दवर्द्धनका मतमा जहाँ शब्द वा अर्थले आफ्नो अभिधेय अर्थलाई गौण राखी विशिष्ट अर्थ व्यक्त गर्दछ, त्यो नै ध्वनि हो (आनन्दवर्द्धन, सन् २०१०, पृ. २) । उनले विशिष्ट अर्थलाई व्यङ्ग्यार्थ मानेका छन् र त्यो विशेष प्रकारको अर्थको प्रतीति नै ध्वनि हो जुन व्यङ्ग्यमा आधारित हुन्छ भनेका छन् ।

यसर्थ वाक्यार्थ र लक्ष्यार्थदेखि भिन्न चामत्कारिक अर्थ दिने शब्दशक्ति व्यञ्जना र अर्थ व्यङ्ग्यार्थ हो । प्राचीन आचार्यहरूले ध्वनिलाई काव्यात्मा वा ध्वनि शब्दको प्रयोग गरेको नपाइए पनि प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थको भने उल्लेख गरेको पाइन्छ (उपाध्याय, २०५५, पृ. १६७) । ध्वनि भनेको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । प्रतीयमान अर्थ भन्नाले वाचक र लक्ष्यकले व्यक्त गर्ने वाच्यार्थ र लक्ष्यार्थभन्दा अर्कै गूढ अर्थ जो व्यञ्जकद्वारा निसृत हुन्छ । प्रतीयमान अर्थ शब्दगत र अर्थगतभन्दा पनि छुट्टै अर्को त्यस्तो विशिष्ट अर्थ हो जसले काव्यको समग्र स्वरूपगत सौन्दर्यलाई प्रस्फुटन गराउँछ । आनन्दवर्द्धनले नारीरूप लावण्यसँग प्रतीयमान अर्थलाई तुलना गर्दै भनेका छन्, "नारीका अङ्गहरूको संयोजनबाट झल्कने सौन्दर्य जति आकर्षक हुन्छ त्यसैगरी काव्यमा प्रयुक्त त्यस्ता व्यञ्जकबाट अभिव्यक्त हुने अर्थ अलौकिक हुन्छ" (आनन्दवर्द्धन, सन् २०१०, पृ. २) यसरी काव्यमा व्यञ्जक निसृत व्यङ्ग्यार्थलाई प्रतीयमान अर्थ मानिएको छ । प्रतीयमान अर्थ चामत्कारिक र हृदयसंवेद्य हुन्छ । प्रतीयमान अर्थको चमत्कारिता बढी भएका कारणले नै उच्च कोटिका काव्यले सहृदयजनलाई आनन्दित तुल्याउँछ । यसले काव्यमा सोझै नदेखिएको अर्थ प्रकाशित गर्दछ । त्यसैले यो प्रकाश्य हुन्छ । काव्यमा प्रतीयमान अर्थ अप्रस्तुत विधानका उपकरण बिम्ब, प्रतीक र अलङ्कार तथा भाषिक विचलनगर्भित हुन्छ ।

ध्वनिलाई शब्दशक्तिको व्यञ्जना व्यापार तथा शब्दवृत्ति पनि भनिएको छ । काव्यमा व्यञ्जना वृत्तिद्वारा जुन अर्थको प्रतीति हुन्छ, त्यसलाई व्यङ्ग्य अर्थ भनिएको छ । वृत्ति भन्नाले यस सन्दर्भमा शब्दको अर्थ सत्ता भन्ने हुन्छ । शब्द र शब्दको अर्थबिचको अन्योन्य सम्बन्धलाई बुझाउने शब्दशक्ति नै वृत्तिको एक भेद हो । जसमा अभिधा, लक्षणा र व्यञ्जना वृत्ति पर्दछन् । व्यञ्जनाका सम्बन्धमा गोविन्दप्रसाद भट्टराईको धारणा यस्तो रहेको छ, "अभिधा, लक्षणा र तात्पर्य वृत्तिहरू आआफ्ना अर्थ बोध गराएर विरत भएपछि जुन वृत्तिले अर्को विलक्षण अर्थको बोध गराउँछ, शब्द, अर्थ र चेष्टा आदि बुझाउने त्यो वृत्तिको नाम व्यञ्जना वृत्ति हो" (भट्टराई, २०७७, पृ. १३२) । वाच्यार्थ र लक्ष्यार्थभन्दा व्यङ्ग्यार्थ फरक हुन्छ । यस्तो व्यङ्ग्यार्थ शब्द र अर्थको प्रत्यक्ष (वाचक-वाच्य) सौन्दर्यभन्दा अप्रत्यक्ष (व्यञ्जक-व्यङ्ग्य) विशिष्ट सौन्दर्यबाट झल्कन्छ । यस्तै लक्ष्यार्थ र व्यङ्ग्यार्थको बिच पनि अन्तर रहन्छ । लक्ष्यार्थ मुख्यार्थसँग सम्बन्धित भई त्यसमा बाधापछि रूढि वा प्रयोजनका आधारमा लक्ष्यार्थ उत्पन्न हुने सर्त हुन्छ भने व्यङ्ग्यार्थमा त्यस्तो सर्त अनिवार्य हुन्न । व्यङ्ग्यार्थ कहीँ वाच्यार्थ र लक्ष्यार्थपछि बोध हुन्छ भने कहीँ वाच्यार्थपछि नै बोध हुन्छ । यो वाच्यार्थभन्दा निकै आकर्षक र चमत्कारपूर्ण हुन्छ । आचार्य मम्मटले वाच्यार्थभन्दा व्यङ्ग्यार्थ अधिक चमत्कारयुक्त भएको काव्यलाई ध्वनिकाव्य भनेका छन् (मम्मट, सन् २०१०, पृ. २८) । यही व्यञ्जना अर्थ अर्थात् व्यङ्ग्यार्थलाई नै काव्य समीक्षामा ध्वनि मानिएको छ । यसरी साहित्य समीक्षामा शब्द तथा शब्द र अर्थ बिचको विवेचना गर्ने पद्धतिका रूपमा विकसित शब्दशक्ति नै ध्वनिको मूलाधार हो ।

पूर्वीय आचार्यहरूले शब्दशक्तिअन्तर्गत शाब्दी व्यञ्जनालाई अभिधामूल र लक्षणामूलमा विभाजन गरेका छन् । आचार्य जगन्नाथले व्यञ्जनाका अभिधामूलमा ध्वनिका वस्तु, रस र अलङ्कार गरी तिन स्वरूपगत भेद देखाएका छन् (श्रेष्ठ, २०५८, पृ. १२१) । स्वरूपगत भन्नाले कृतिमा निहित ध्वनि कुन रूपमा छ अर्थात् त्यसको प्रतीतिको स्थितिलाई बुझाउँछ । जुन काव्यमा रसको अभिव्यक्ति नै प्रमुख रहन्छ र काव्य पठन गर्नासाथ वाच्यार्थ र व्यङ्ग्यार्थको प्रतीतिको क्रम असंलक्ष्य हुन्छ त्यस स्थितिलाई रसध्वनि भनिएको छ । "यसभित्र रस, भाव, रसाभास, भावाभास भाव आदि ध्वनित हुन्छन्" (पौडेल, २०५७, पृ. १५२) । यस स्थितिमा सहृदयीका मनोभाव पलमै उद्दीप्त हुन्छन् । त्यसैगरी जहाँ कुनै काव्यमा प्रयुक्त अलङ्कारले संलक्ष्यक्रममा पहिले वाच्यार्थ र त्यसपछि व्यञ्जना अर्थ बोध हुन्छ त्यस स्थितिलाई

अलङ्कारध्वनि भनिन्छ । यसमा वाच्यार्थ बोध भइसकेपछि अलङ्कार प्रक्षेपित व्यङ्ग्यार्थको प्रतीति हुन्छ । त्यस्तै गरी जुन काव्यमा विषयको बोध पहिला वाच्यार्थका तहमा हुन्छ र त्यसछि त्यसैमा टेकेर पूर्व प्रस्तुत विषयसन्दर्भभन्दा अर्कै सन्दर्भगत अर्थ वा व्यङ्ग्यार्थको बोध हुन्छ भने त्यसलाई वस्तुध्वनि भनिन्छ । यसरी काव्यमा ध्वनिको सूक्ष्मातिसूक्ष्म स्वरूपगत अवस्थितिको विश्लेषण अभिधामूल शाब्दी व्यञ्जना अर्थात् विवाक्षितवाच्य ध्वनिमा गर्न सकिन्छ । काव्यको मूलमा प्रयोजनानुसार लक्ष्यार्थगर्भित रहेको स्थितिमा लक्षणामूला व्यञ्जना हुन्छ । त्यसैगरी वक्ता, बोद्धा, वाक्य, वाच्य, देश, काल, प्रकरण आदि विशेषताका आधारमा शब्दले अभिव्यक्त गर्ने अर्को अर्थापनको स्थितिलाई आर्थी व्यञ्जना भनिएको छ । यस क्रममा ध्वनिवादी आचार्यहरूले ध्वनिका जतिसुकै भेद भए पनि ती सबै भेदको प्रतीतिको आधार व्यञ्जना नै हो भनेका छन् ।

पूर्वीय काव्य शास्त्रले निरूपण गरेको अर्थतात्त्विक विश्लेषणको आधारका रूपमा विकसित रूपतत्त्व र अर्थतत्त्वलाई साहित्यमा ध्वन्यार्थको विश्लेषणको उपकरणका रूपमा उपयोग गरिँदै आएको धारणा नारायण गडतौलाले अगाडि सारेका छन् (गडतौला, २०७७, पृ. ८१) । रूप तत्त्वअन्तर्गत रहेका वर्ण, पद, वाक्य, अनुच्छेद, सङ्कथन, प्रकरण, प्रबन्ध र रस सामग्रीका आधारमा तिनबाट अभिव्यक्त हुने गुण, रस, अलङ्कार र विचारजन्य अर्थको अर्थतात्त्विक विश्लेषण ध्वनि निरूपणमा समीचीन ठहर्दछ । काव्यमा प्रयुक्त भाषिक संरचनाको तहगत एकाइमा आधारित भएर ध्वनिको विश्लेषण गर्ने नवीन ढाँचालाई शैलेन्दु प्रकाश नेपालले आश्रयगत आधार भनेका छन् (नेपाल, २०७९, पृ. ४) । भाषिक संरचनाका वर्णदेखि प्रबन्धका तहसम्म ध्वनिको अवस्थिति कुन तहमा छ त भनेर पर्गेल्ने पद्धति नै ध्वनि विश्लेषणको आश्रयगत आधार हो । यस पद्धतिमा मुख्यतः पद, पदावली, वाक्य, प्रकरण र प्रबन्धका तहमा ध्वनिको अवस्थितिको खोजी गरिन्छ । जसलाई पद आश्रित ,पदावली आश्रित, वाक्य आश्रित, प्रकरण आश्रित र प्रबन्ध आश्रित ध्वनि भनिएको छ । यसरी ध्वन्यार्थ व्यञ्जना शब्दशक्तिबाट प्राप्त हुने अर्थ हो जसलाई प्रतीयमान अर्थ पनि भनिएको छ । प्रतीयमान अर्थलाई युवतीको रूप लावण्य तथा घण्टीको अनुरणनको प्रभावसाम्यका रूपमा अर्थ्याइएको छ । शब्दशक्तिको व्यञ्जनाबाट अभिव्यञ्जित हुने ध्वन्यार्थको खोजी ध्वनि सिद्धान्तका स्वरूपगत र आश्रयगत आधारमा गर्न सकिने मान्यता अगाडि सारिएको छ । तिनै आधारमा काव्यमा अभिव्यञ्जित ध्वन्यार्थको पहिचान यस लेखमा गरिएको छ ।

## ४. विमर्श र परिणाम

प्रस्तुत कवितामा अभिव्यञ्जित ध्वनिलाई विभिन्न स्वरूपमा विश्लेषण गर्न सकिन्छ । कवितामा विभिन्न स्तर र स्वरूपमा ध्वन्यार्थको अवस्थिति छ । ध्वनिको स्वरूपका आधारमा वस्तुध्वनि, अलङ्कारध्वनि र रसध्वनि पर्गेल्न सकिन्छ । कविताको ध्वनितात्त्विक विश्लेषणका लागि भाषागत रूपतत्त्व, तथा अर्थतत्त्वका भाषिक विचलन, विम्ब तथा प्रतीक, अलङ्कार, र रसको अर्थको अर्थका सन्दर्भगत आधारहरूलाई समष्टिमा समेटिएको छ । कवितामा प्रयुक्त पदावली र प्रकरणका आश्रयमा अभिव्यञ्जित ध्वन्यार्थको पहिचान गरिएको छ । प्रस्तुत कवितालाई ध्वनिको मुख्यतः स्वरूपगत र प्रकरणाश्रित स्तरमा रहेर कवितामा अन्तर्निहित ध्वनिको विश्लेषण यसप्रकार गरिएको छ ।

### ४.१ वाच्यार्थ सन्दर्भ

'सधैँ सधैँ मेरो सपनामा' कविता *घुम्ने मेचमाथि अन्धो मान्छे* कविता सङ्ग्रहभित्रको व्यङ्ग्य प्रधान कवितामध्येको एक उत्कृष्ट कविता हो । प्रस्तुत कविता ऐतिहासिक र सामाजिक परम्पराका रूपमा स्थापित मलायामा लाहुरे हुनजाने

नेपाली संस्कृतिले तत्कालीन नेपाली समाजमा सिर्जना गरेको विषम परिस्थितिको वस्तुयथार्थ हो । कवितामा मलायका लाहुरे, तिनका विखण्डित परिवार, दीनहीन युवती आमाहरू तथा टुहुरा बालबालिका, बेसहारा अशक्त बृद्धबृद्धाहरूलाई प्रतिनिधि पात्र र परिस्थितिका रूपमा उपस्थापन गराइएको छ । कवितामा कवि भूपीले आफैँले देखेभोगेको नेपाली समाज र त्यतिबेलाको अदूरदर्शी राज्यव्यवस्थाको शासकका कारण उत्पन्न सामाजिक बेथितिले पीडित बन्न विवश लाहुरे र तिनका घरपरिवारका मानवीय संवेदनालाई मर्मस्पर्शी ढङ्गले अभिव्यक्त गरिएको छ । यसै सन्दर्भमा सुकुम शर्माले भनेका छन् : "विनामूल्य बाँच्न विवशहरूका पक्षमा जीवनको सुनौलो सपना पर्खेका बालबालिका र अन्यत्र अर्काको स्वार्थका लागि परेका अभिभावकको स्मृतिमा लेखिएको कविता सधैँ सधैँ मेरो सपनामा हो" (शर्मा, २०६६, पृ. १०२) । कविताको पहिलो अनुच्छेदमा तत्कालीन समयमा मलायमा लाहुरे हुन गएका नेपालीहरूको प्रत्यागमनको स्थिति नभएपछि लाहुरे छोराका आमा विक्षिप्त बनेका छन् र उनीहरू ती आफ्ना छोराहरूको खोजी गरिदिन कविसँग आग्रह गरेका छन् । युवती आमाहरू बहुलाईझैँ बनेर आफ्नो दुधको मूल्य नभएको र मातृत्वको कुनै अर्थ नभएको करुण क्रन्दनसहित आफूले दुध खुवाएका सन्तानहरूको खोजी हुनुपर्ने माग कविसँग राख्दछन् । त्यसैगरी वृद्धावस्थाका कमजोर शरीर भएका बुबाहरू टुक्रिएको मनले आफ्नो सन्तान र भविष्यको उपाय मागेको वाच्यार्थ सन्दर्भ कवितामा आएको छ । कविताको दोस्रो अनुच्छेदमा अब मलायको लाहुरेमा भर्ती भएका नेपाली दाजुभाइका श्रीमती जो बैँसमै विधवा हुन विवश छन् ती विधवा युवतीहरू आफूलाई समाजका लोभीपापीहरूले गिद्दे नजर लगाउने गरेको गुनासो पोखेका छन् । साथै जीवन सहाराविहीन भएको दःुख पनि कविका अगाडि पोखेका छन् । त्यसैगरी टुहुरा बालबालिकाहरू स्कुलको शुल्क, किताब, खेल सामग्री तथा आफ्नो पिताको माया नपाउँदा रोगी बन्नु परेको सन्दर्भगत वाच्यार्थ यसमा रहेको छ । कविताको तेस्रो अनुच्छेदमा नेपाली दाजुभाइहरू रोजगारीका सिलसिलामा मलायमा गएर भर्ती हुने परम्पराले नेपालमा कायम रहेको विदेशी औपनिवेशिकताले अझ मौलाउने अवसर पाउँदा नेपालीहरूको जीवन दुःखपूर्ण रहेको वस्तुयथार्थ वाच्यार्थका तहमा व्यक्त भएको छ । यसरी नेपालीको दास मानसिकता र विदेशी औपनिवेशिकताबाट उत्पन्न परिस्थितिको चित्रण कविताको वाच्यसन्दर्भ हो ।

## ४.२ पदावली आश्रित ध्वनि

काव्यमा प्रयुक्त भाषिक एकाइ पददेखि प्रकरणका कुन तह वा एकाइमा ध्वनि अन्तर्निहित छ भन्ने आधार ध्वनि विश्लेषणको आश्रयगत आधार हो । काव्यको अर्थतात्त्विक विश्लेषणको एक प्रमुख आधार मानिएको रूपतत्त्वको विश्लेषण पद्धतिले काव्यमा प्रयुक्त पदावली तहको ध्वनिको स्थिति पहिचान गर्न सकिन्छ । ध्वनि पर्गेल्ने यो त्यस्तो बाह्य आधार हो जसले काव्यमा प्रयुक्त पदावलीको अर्थतत्त्वलाई केन्द्रमा राख्दछ र अर्थको पनि अर्थ अर्थात् व्यङ्ग्यार्थको विश्लेषण गर्दछ र काव्यको कोटि निर्धारण गर्दछ । यसरी काव्यमा प्रयुक्त पदावली वा वाक्यांशले अभिव्यञ्जन गर्ने ध्वन्यार्थको खोजी यसमा गरिन्छ ।

प्रस्तुत कवितामा प्रयुक्त विभिन्न पदावलीमा ध्वन्यार्थ रहेको छ । कवितामा प्रयुक्त पदावलीहरूबाट अभिव्यक्त हुने अर्थ वाच्यार्थका तहमा मात्र सीमित छैन । पदावलीबाट निःसृत वाच्यार्थभन्दा भिन्न अर्थ र त्यही अर्थको अर्थ अर्थात् तिनमा रहेको ध्वनिलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

सधैँ सधैँ मेरो सपनामा – कविले आफूले देखेकोभोगेको नेपाली समाजको प्रतीति

| | | |
|---|---|---|
| असङ्ख्य युवती आमाहरू | – | मलायका लाहुरेका आमाहरू |
| दुधको कुनै मूल्य छैन | – | कर्तव्यच्युत सन्तान |
| मातृत्वको कुनै अर्थ छैन | – | मातृत्वको अवमूल्यन |
| सुँगुरका भद्दा गन्दा बच्चा | – | सन्तानप्रतिको जुगुप्सा भाव |
| अतिशय दुधले गानिएको स्तन | – | सन्तान वियोगको विक्षिप्तता |
| हराएका छोराहरू | – | मलायमा लाहुरे हुन आशक्त छोराहरू |
| जीवनद्वारा लत्याइएका | – | सन्तानबाट आशा हराएका |
| मृत्युद्वारा नपत्याइएका | – | जीवनको अर्थहीनता |
| विदीर्ण मन | – | अनपेक्षित परिणामको मानसिक प्रभाव |
| भविष्यको सूत्र | – | जीवन जिउने आधार, विश्वास, उपाय |
| असङ्ख्य युवती विधवा | – | मलायका लाहुरेका श्रीमतीहरू |
| सम्पूर्ण रूपमा नङ्ग्याउनु | – | सबैतिरबाट पीडित |
| हिउँजस्तो कोमल तन | – | रूपवती कलिला युवती (लाहुरेका वियोगी)/देश |
| कामुक आँखा | – | गिद्धे नजर/औपनिवेशिकता |
| कालाकाला डामहरू | – | नारी उत्पीडन/लैङ्गिक हिंसा/औपनिवेशिकताको प्रभाव |
| जीवनको सहारा | – | सहयात्री /पति,परिवारको टेको |
| यात्राको किनारा | – | सहयात्री विनाको जीवनको गन्तव्य |
| क्षयका किटाणु बोकेका | – | रोगी |
| पिताको चुम्बन | – | पितृवात्सल्य |
| मिठो निद्राले भरिएको रात | – | सुख, चैन, आराम |
| आँसुको सागर | – | पल्टनेहरूको दुखै दुःख, |
| एक लास | – | अकर्मण्य नेपालीको दास मानसिकताको विम्ब |
| प्रत्येक लासले घृणाले हेर्छ | – | औपनिवशिकताका बिरुद्धको आलोचनात्मक व्यङ्ग्यचेत विम्ब |
| विपनाको इतिहास | – | वर्तमानको नाजुक स्थिति |

यसरी कवितामा प्रयुक्त पदावलीलाई तिनको प्रयोग सन्दर्भ, सन्दर्भगत अर्थ र रूपतत्त्वमा आधारित रहेर तिनमा अन्तर्निहित अर्थतत्त्वको विश्लेषण गर्न सकिन्छ । प्रस्तुत पदावलीले कविताको व्यङ्ग्यार्थ स्थापनामा विशेष महत्त्व राख्दछन् । कविताका दुधको कुनै मूल्य छैन, मातृत्वको कुनै अर्थ छैन, सुँगुरका भद्दा गन्दा बच्चा, अतिशय दुधले गानिएको स्तन र हराएका छोराहरू पदावली एउटै सन्दर्भगत अर्थको एकान्वितिमा उपस्थापित छन् । आफूले जन्माएका छोराहरू केबल पेट पाल्नकै लागि विदेसिने प्रवृत्तिले मातृत्व र पितृत्वको अवमूल्यन भएको स्थितिमा आत्मसमीक्षा गरी तुषारापात भएका नेपाल आमाका सपनाहरू पूरा गर्नुपर्ने प्रतीयमान अर्थ पदावलीका तहमा व्यञ्जक आश्रित छ । त्यसैगरी जीवनद्वारा लत्याइएका, मृत्युद्वारा नपत्याइएका, विदीर्ण मन, भविष्यको सूत्र पदावली कविताको पूर्व प्रकरणकै श्रृङ्खलामा जोडिएका छन् । तिनै मलायका लाहुरे छोराहरूबाट भाँचिएको आफ्नै वृद्ध आमाबुबाहरूको मनमा मलम लगाउन र बुढ्यौली जीवनको सहारा बनी कतर्व्यबाट च्यूत नहुन भन्ने सन्देश ध्वन्यार्थका रूपमा व्यञ्जित छ । असङ्ख्य

युवती विधवा, हिउँजस्तो कोमल तन, कामुक आँखा, कालाकाला डामहरू, जीवनको सहारा, यात्राको किनारा, क्षयका किटाणु बोकेका, पिताको चुम्बन, मिठो निद्राले भरिएको रात कविताको प्रकरण श्रृङ्खलामा प्रयुक्त पदावलीहरूले समाजमा आफैँले बनाएका परम्परा र संस्कृतिलाई विकृतिले गाँजेको छ । यसरी मौलाएको विसङ्गतिले आहत बनेको समाजलाई युवाहरूले स्वदेशमै बसी देशकै वर्तमान र भविष्य उज्यालो पार्न र नेपाललाई औपनिवेशिकताबाट मुक्त पारी नेपालीको शिर उँचो राख्ने सन्देशसहितको ध्वन्यार्थ व्यक्त भएको छ । आँसुको सागर, एक लास, प्रत्येक लासले घृणाले हेर्छ, विपनाको इतिहास पदावलीहरू कविताको अन्तिम प्रकरणमा प्रयुक्त छन् । कवितामा प्रयुक्त पदावलीलाई विश्लेषण गर्दा औपनिवेशिकतालाई अब पनि डटेर सामना नगर्ने र पूर्खाको वीरताको संस्कृति नअपनाउने यही स्थिति रहिरहने हो भने यस्तो दास मानसिकता भएका नेपालीहरूबाट देश बदल्ने संस्कृतिको अपेक्षा राख्नु विडम्बना मात्रै हुनेछ । त्यसैले औपनिवेशिकताबाट मुक्त भई वर्तमानलाई उज्यालो पार्न र भोलिको पुस्ताका लागि अनुकरणीय संस्कृति निर्माणको दायित्व पूरा गर्ने सन्देश व्यञ्जना गर्भित छ । कविताका सबै पदावली बेलायती लाहुरे र तिनका परिवारका आमाबुबा, श्रीमती र छोराछोरीका दुःख र पीडाजन्य अनुभूतिहरू व्यञ्जित गर्नमा समर्थ रहेको देखिन्छ । त्यसैगरी नेपालीको दास मानसिकता र विदेशी औपनिवेशिकताबाट मुक्तिको चाहना व्यञ्जनाको तहमा पदावलीमा आश्रित छ । पदावलीहरूमा उपस्थापन गराइएका विभिन्न उपमा, विम्ब, प्रतीक, भाव आदिले पनि कविताको ध्वन्यार्थलाई एकीकृत र सबल पार्न सकेका छन् । कविताको पदावली आश्रित ध्वनि व्यङ्ग्यार्थ सिद्धिमा सफल छ ।

## ४.३ प्रकरणाश्रित ध्वनि

काव्यको सर्ग, परिच्छेद, खण्ड आदिमा निहित ध्वनिलाई प्रकरणाश्रित ध्वनि भनिन्छ । साना फुटकर कवितामा एउटै प्रकरण पनि रहन्छ । प्रस्तुत कवितामा जम्मा तीनवटा प्रकरण रहेका छन् । प्रथम प्रकरण अर्थात् अनुच्छेदमा असङ्ख्य युवती आमाहरूको चीत्कार र रोदनसहित आफ्ना हराइरहेका छोराहरू कविसँग सपनामा आएर मागेका छन् । साथै वृद्धवृद्धा बाबुआमाहरू कविको अगाडि लम्पसार परेर हराएका पुत्र र आफ्नो भविष्यको सूत्र मागेको सन्दर्भ कवितामा उपस्थापन गराइएको छ । यस प्रकरणमा असङ्ख्य युवती आमाहरू उनका अगाडि आएर बहुलाही झैँ दुध र मातृत्वको मूल्य र अर्थ नभएको विचार व्यक्त भएको छ । जसलाई साक्ष्यका रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ -

सधैँ सधैँ मेरो सपनामा
असङ्ख्य युवती आमाहरू
मेरो अगाडि आउँछन्
र बहुलाई झैँ
अब मेरो दूधको कुनै मूल्य छैन
अब मेरो मातृत्वको कुनै अर्थ छैन
भन्ने गीत गाउँछन् ।
...छाति पिट्दै
कपाल लुछ्दै मसँग आफ्ना हराएका छोराहरू माग्न थाल्छन्

प्रस्तुत उद्धरणमा युवती आमाहरूले अब आफ्नो मातृत्वको कुनै अर्थ र दुधको मूल्य नभएको बताएका छन् । तिनीहरूले कपाल लुछ्दै र छाती पिट्दै आफ्ना हराएका छोराहरू माग्दै छन् । कविको सपनामा आएर विक्षिप्त हुँदै त्यसो भन्ने असङ्ख्य युवतीहरू को हुन त ? तिनका छोराहरू कसरी हराए त ? ती छोराहरू को हुन् ? आमाको दुधको मूल्य त हुनुपर्ने हो, मातृत्वको अर्थ नभएको गीत किन बहुलाई झैँ बनेर गाउँदै छन् ? यी सबै प्रश्नहरूको सन्दर्भगत अर्थात् प्रकरणगत अर्थको गर्भार्थमा नै ध्वन्यार्थ निहित छ । कविताको अन्तिम प्रकरणबाट मात्र ती हराएका छोराहरू मलायमा भर्ती भएका नेपाली दाजुभाइ हुन् अर्थात् नेपाल आमाका छोराहरू हुन् भन्ने अर्थ कविताको यस प्रकरणगत साक्ष्यमा देखिन्छ :

मलायका असङ्ख्य असङ्ख्य मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ

तत्कालीन समयमा नेपालीहरू मलायमा भर्ती हुने र लाहुरे बन्ने संस्कृतिलाई कविताको प्रस्तुत उद्धरणले स्पष्ट पारेको छ । आज तिनै लाहुरेका युवती आमाहरू आफ्ना छोराहरू लडाइँमा गुमाउनु परेकामा विक्षिप्त बनेका छन् । युवा अवस्थामा नै आमाहरूका काख रित्ता भएका छन् । आफूले सन्तान जन्माएर अरुकै देशका लागि मर्ने आफ्ना छोराहरूले खाएको दुधको भारा तिर्न नसक्ने छोराहरू देशका लागि सुपुत्र हुन सक्दैनन् त्यसैले असङ्ख्य युवती आमाहरूले आफ्नो दुधको मूल्य देखेनन्, मातृत्वको अर्थ देखेनन् । त्यसर्थ आमाको दुध र मातृत्वको अवमूल्यन हुँदै गएको ध्वन्यार्थ यस प्रकरणमा अभिव्यञ्जित छ । तत्कालीन नेपालको राजनीतिक अवस्था, गरिबी र औपनिवेशिकताले निर्मित परिवेशमा आज मलायमा भर्ती भएका छोराबाट यसरी आफ्नो दुध र मातृत्वको अवमूल्यन भएपछि तिनै आमाहरूले छोराहरूलाई चुसाएका स्तन आज सुँगुरका गन्दा भद्दा बच्चाहरूलाई चुसाएको अनुभूत गर्दै छन् । आमाहरूको यस्तो नियति छ, जसलाई साक्ष्यका रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

र मलाई देखाई देखाईकन
सुँगुरका भद्दा गन्दा बच्चाहरूलाई झैँ
आफ्ना अतिशय दूधले गानिएको
स्तन चुसाउँछन्

यसरी आफ्ना सन्तानप्रतिको एउटी आमाको यो तहसम्मको घृणा अर्थात् जुगुप्सा भाव यस प्ररकरणमा ध्वनित छ साथै राज्यप्रतिको विद्रोहको भाव पनि व्यञ्जित छ । त्यसैगरी यसै प्रकरणको अर्को सन्दर्भमा युवती आमाहरू मात्र होइनन् डाँडामाथिको घाम भएका वृद्ध बुबाहरू आफ्ना सन्तानबाट हार खाएका छन् । तिनै वृद्धवृद्धाहरू भाँचिएको, दुखेको मन लिएर अझै उज्यालो भविष्यको पर्खाइमा छन् र आफ्ना पुत्र भाडामा बेच्ने शासकसँग विद्रोह गरेका छन् । यहाँ मलायमा लाहुरे हुने परम्पराले गाउँमा युवा शून्यप्रायको स्थितिलाई लक्षित गरेको छ । देशमा वृद्धवृद्धा, बालबालिका र विधवा युवतीहरूको दीनहीन अवस्था र त्यस स्थितिको समग्र सामाजिक, सांस्कृतिक र आर्थिक प्रभाव प्रकरणगत ध्वन्यार्थमा अभिव्यञ्जित छ । जसलाई साक्ष्यका रूपमा यसरी राख्न सकिन्छ :

असङ्ख्य जीवनद्वारा लत्याइएका
र मृत्युद्वारा नपत्याइएका

जीर्ण तन वृद्धहरू
र विदीर्ण मन वृद्धाहरू
...भविष्यको सूत्र माग्दछन

यसमा लाहुरेका परिवारले भोग्नु परेका सधैंका दुःख र कष्टको चित्रण गरिएको छ । नेपालीहरू विदेसिने जो परम्परा बस्यो यसले गाउँटोल मात्र होइन सिङ्गो देशकै भविष्यको कुरूप चित्र ध्वन्यात्मक रूपमा प्रस्तुत गरेको छ । साथै समुन्नत र विकसित भोलिको नेपालको अपेक्षित ध्वन्यार्थ यसमा निहित छ । यसरी कविताको पहिलो प्रकरणमा नेपालीहरू मलायमा भर्ती हुने परम्परा र त्यसले सिर्जना गरेको नेपाली समाजको कारुणिक र मार्मिक परिस्थितिको ध्वन्यात्मक अर्थ कवितामा अभिव्यञ्जित छ । साथै औपनिवेशिकताले खोक्रो भएको राष्ट्रियताप्रति संवेदनशील हुन गरिएको आग्रहसहितको प्रतीयमान अर्थ ध्वनित छ ।

कविताको दोस्रो अनुच्छेद अर्थात् प्रकरणमा काम र मामको खोजीमा विदेसिनु पर्ने नेपाली युवा र कामुक आँखाले पोलेका डामहरू बोकेर बाँच्न बाध्य नेपाली युवतीका दीनहीन अवस्था सिर्जनेप्रतिको कठोर व्यङ्ग्य प्रस्तुत छ (त्रिपाठी, २०५८, पृ. १२) । मलायमा लाहुरे हुनैपर्ने विकृत सामाजिक संस्कारका कारणले बैंसमा विधवा बन्न बाध्य भएका युवतीहरूको पीडा र तिनका टुहुरा केटाकेटीको करुणाको मार्मिक प्रस्तुति रहेको छ । यहाँ असङ्ख्य विधवा युवतीहरू आफ्नो कोमल शरीरमा दुनियाँका गिद्दे नजरले पोलेका कालाकाला डामहरू कविलाई देखाउँदै उनीहरू जीवनको सहारा र आफ्नो यात्राको किनाराको माग गर्दछन् । जुन विषयलाई प्रष्ट पार्न कविताका अंशहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

मसँग आफ्नो जीवनको सहारा माग्छन्
मसँग आफ्नो यात्राको किनारा माग्छन्

प्रस्तुत उद्धरण तिनै मलायका लाहुरे लडाइँमा मारिएपछि विधवा बनेका युवतीहरूका पीडा र टुहुरा केटाकेटीका कथा र व्यथाको सन्दर्भगत प्रकरण हो । जीवनकै सहयात्री लोग्नेको अनुपस्थितिमा देखिएका जटिलता र जीवन भोगाइका सकसहरूको विम्बात्मक चित्र यस प्रकरणमा प्रस्तुत छ । यस खालको जटिलता र त्यसले उनीहरूमाथि पारेको शारीरिक, मानसिक र संवेगात्मक प्रभाव व्यञ्जनाका स्तरमा अभिव्यञ्जित छ । विधवा युवतीहरू एकल भएकैले अनेक हिंसा र सामाजिक विकृतिबाट आहत छन् । आज जीवनरूपी रथको एउटा पाङ्ग्राको अभावमा जीवन गन्तव्यको यात्रा त्यसै रुमलिएको छ, अनिश्चित बनेको छ । बाबु गुमाएका सन्तान पितृवात्सल्यबाट वञ्चित भएका छन् । यसै सन्दर्भमा यदुनाथ खनालको धारणा पनि सान्दर्भिक देखिन्छ, "त्यो कवितामा आफ्नो स्वभाविक जीवनबाट ठगिएका असङ्ख्य विधवा युवतीहरू र बाबुको चुम्बनबाट वञ्चित क्षयग्रस्त अनाथ केटाकेटीहरूको चित्र उनले खिचेका छन्" (खनाल, २०६८, पृ. २७०) । यसरी पतिवियोगी र पितृवियोगीका खोसिएका चैनको अर्थको अर्थ अर्थात् प्रतीयमान अर्थ यस प्रकरणमा आश्रित छ । कवितामा पति गुमाएका युवतीहरू र पितृत्व गुमाएका सन्तानहरू आफ्ना पति र पिताको स्पर्शले भविष्य सुन्दर भएको देख्ने कामनामा छन् । त्यसैगरी सुगौली सन्धिपछि औपनिवेशिकताको प्रत्यक्ष मारमा परेको नेपालको अस्मितामा शक्ति राष्ट्रहरूका गिद्दे नजरबाट नेपाललाई जोगाउने अभिभारा अहिलेकै दास मानसिकताबाट सम्भव नहुने ध्वन्यार्थ व्यञ्जनाको अन्तर्यमा अनुरणित छ ।

कविताको तेस्रो अनुच्छेदमा गरिबी र सामाजिक परम्पराका कारणले नेपाली युवाहरू बेलायती सेनामा भर्ती भएर विदेशी भूमिमा लडाइँमा मर्नुपर्ने बाध्यात्मक परिस्थितिको प्रकरणगत सन्दर्भ रहेको छ । गरिबीकै कारणले भाडाका सिपाही बनेर विदेशी भूमिमा जिन्दगी समाप्त गर्न विवश नेपाली युवाहरूको नियति र त्यसबाट उत्पन्न परिस्थितिको असर यसमा निहित ध्वन्यार्थ हो । नेपालीहरूले विदेशमा पाएको सास्ती र त्यसको पीडा असह्य छ । मलायका लाहुरेको जीवनको कुनै मूल्य छैन् र जीवन विसङ्गत छ । यस्तो विसङ्गत जीवनलाई लासले समेत घृणा भावले हेर्ने यस्तो परिस्थितिको कारक को हो ? उनीहरूको जीवन किन सुन्दर हुन सकेन र कसरी उनीहरूको मरणमा सङ्गति रहेन ? घर परिवार र लाहुरेहरू स्वयम्मा मृत्युको भयावह अभिघातमा रहने दिन कसरी आयो ? यी यावत् सन्दर्भगत अर्थको अर्थ शासक र शासितको चेतनाको स्तर र त्यसप्रति कविको विद्रोही आलोचनात्मक व्यङ्ग्यचेत नै यस प्रकरणमा आश्रित ध्वन्यार्थ हो । जसलाई साक्ष्यका रूपमा प्रस्तुत गर्न सकिन्छ :

एक लास माथि उठ्छ
एक लास तल डुब्छ
तर डुब्नु भन्दा अगाडि मलाई
प्रत्येक लासले घृणाले हेर्छ

यसरी नेपाली युवाहरू लाहुरे हुनका लागि विदेसिँदा गुमेको नेपाली वीरताको गाथा र स्वाभिमान यस प्रकरणको ध्वन्यार्थ हो । साथै सिङ्गो नेपाली समाजको अल्पज्ञानको परिणतिको प्रतीति हो । नेपाली युवाहरू आफ्नो जन्मभूमिलाई माया मारेर विदेसिने प्रवृत्तिको प्रत्युत्पादक स्वरूप देशको लज्जाजनक र अपमानजनक स्थिति सिर्जना भएको छ । उनीहरूको यस अकर्मण्यताप्रतिको व्यङ्ग्य यसमा अन्तर्निहित छ । विदेशमा आशक्त युवाहरूले आफ्नै चेतनाको स्तरमा स्वयम् पश्चात्ताप बोध गरी लज्जित हुनु परेको स्थिति व्यञ्जित छ । कवितामा लासजस्तो घृणित र तुच्छ वस्तुको उपस्थितिले जुगुप्सा भावलाई उद्दीप्त गराई नेपालीको दास मानसिकतामाथि व्यङ्ग्य गरेको छ । अब हाम्रो आफ्नै मानसिकता र कर्मको संस्कृतिमा परिवर्तनको अपेक्षा यसमा ध्वनित छ ।

## ४.४ स्वरूपगत ध्वनि

काव्यमा निहित ध्वनिको प्रतीतिको स्थितिलाई ध्वनिको स्वरूप भनिएको छ । यसले काव्यमा अन्तर्निहित ध्वनिको प्रतीतिको क्रमलाई पनि सङ्केत गर्दछ । त्यसैले यस्तो ध्वनि विशेषत: अभिधामूलमा आधारित हुन्छ । अभिधामूलमा पनि वाच्यार्थ र व्यङ्ग्यार्थको प्रतीतिको क्रम सूक्ष्म रूपमा रहने स्थितिलाई असंलक्ष्यक्रम ध्वनि भनिन्छ र यसमा रस, भाव आदि ध्वनित हुने भएकाले ध्वनिको स्वरूपमा रसध्वनि पनि भनिएको छ । त्यसैगरी वाच्यार्थ र व्यङ्ग्यार्थको प्रतीतिको कालक्रमको बोध सजिलै गर्न सकिने स्थितिमा त्यसलाई संलक्ष्यक्रम ध्वनि मानिएको छ । यसमा व्यङ्ग्यार्थमा अलङ्कार हुने स्थितिलाई अलङ्कार ध्वनि र व्यङ्ग्यार्थमा अलङ्कार नहुने स्थितिलाई वस्तुध्वनिको स्वरूपमा चिनाइएको छ । यसरी कवितामा व्यङ्ग्यको प्रतीति क्रमको स्थिति जो रहन्छ त्यसैलाई ध्वनिको स्वरूप मानिएको छ । यहाँ ध्वनिको स्वरूपका आधारमा कविताको विश्लेषण गर्दा विषयवस्तु प्रधानलाई वस्तुध्वनि, अलङ्कार प्रयुक्त स्थितिलाई अलङ्कारध्वनि र रस प्रधान भएको स्थितिलाई रसध्वनिका रूपमा विश्लेषण गरिएको छ ।

### (क) वस्तुध्वनि

प्रस्तुत कविता मलायमा लाहुरे हुने परम्परा नेपाली संस्कृतिका रूपमा विकसित हुँदा आज तिनका घर परिवार र समग्र राष्ट्रमा उत्पन्न हुन गएको विषम परिस्थितिको वस्तुयथार्थमा आधारित छ । नेपाल आमाले सन्तानलाई जन्म दिए, दसधारा दुध पनि खुवाए, मातृस्नेहले सिञ्चित पनि गरे तर तिनै छोराहरू मातृभूमिलाई छाडेर पेट पाल्नकै लागि मलायमा भासिँदा आज युवती आमाहरूको काख रित्तिएको छ, तिनका श्रीमतीहरूको वैंसमै सिन्दूर पुछिएको छ, लालाबाला सहाराविहीन भएका छन् अनि यसरी आमाबुबा छोराछोरी र श्रीमतीलाई रुवाएर विदेशकै लागि आफ्नो ज्यान फाल्ने ती छोराहरू आज घरपरिवार र देशकै लागि नालायक सिद्ध भइसकेकाले आमाको दुध र मातृत्वको अवमूल्यन भएको ध्वन्यार्थ व्यञ्जित छ । मूलतः सुगौली सन्धिपछि जसरी बेलायती सेनामा नेपालीहरू वीर गोर्खालीका नामले भर्ती हुन जाने परम्परा सांस्कृतिक रूपमा बस्यो त्यसैबेलादेखि नेपाल र नेपालीको वीरगाथा र स्वाभिमानमा चोट पुगेको धारणा कवितामा ध्वनित छ । वीर गोर्खालीहरूले त स्वदेशका लागि लडेका थिए । देशको रक्षाका खातिर प्राणको आहुति दिएका थिए तर आज तिनै पुर्खाका छोराहरू त्यसको ठीक विपरीत भाडाका सिपाही बनेर आफ्नो रगत र पसिना विदेशमा बगाउँदै छन् । यो खालको राज्यको विद्रूप अवस्थाको बोध अझै पनि शासकहरूले त गरेनन् नै युवाहरूले समेत गर्न नसकेको प्रतीयमान अर्थ कवितामा ध्वनित छ । नेपाल आमाका छोराहरूले विदेशमा बगाएका आँसु र रगतले आमाका सपना सार्थक नहुने भएकाले त्यो औचित्यहीन छ । देश बनाउन जुटनुपर्ने युवा आफैँ आँसुको सागरमा डुब्ने यस्तो अविवेकी गलत निर्णयले समस्त नेपाल र नेपालीहरूको वर्तमान र भविष्यमा समेत उज्यालो नरहेको वस्तुस्थिति ध्वनित भएको छ । नेपालीहरू विदेशमा लाहुरे हुने संस्कृतिले देश बदल्ने संस्कृतिको थिति बसाल्न सकेन । आज मलायमा लडिरहँदा न जीवन छ न त मृत्युमा सङ्गति नै छ । मृत्युको भयावह अभिघातले सिङ्गो राष्ट्र नै प्रभावित छ । जसलाई तलका साक्ष्यले स्पष्ट पार्दछ :

मलायका असङ्ख्य -असङ्ख्य मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ
जसको प्रत्येक लहरमा
एक लास माथि उठ्छ
एक लास तल डुब्छ

प्रस्तुत उद्धरणमा अहिलेको परिवेशमा यो पुस्ता वा समाज हिँडिरहेको मार्ग हाम्रो संस्कृति र परम्पराको निरन्तरता हो भनी थपक्क अपनाउँदै जाने हो भने भोलिको पुस्ताले आजको पुस्तालाई आफ्ना पूर्खाप्रतिको नालायकीपन देखेर नधिक्कार्ला भन्न सक्दिँन । तत्कालीन शासन व्यवस्थाको अदूरदर्शी सोच चिन्तनले आज समग्र राष्ट्रको शिर झुकेको छ र भोलिको पुस्ताले धिक्कार्ने निश्चितप्रायः भएको वस्तुध्वनि कवितामा व्यञ्जित छ । अब राज्यले मलायमा भर्तीकेन्द्र बन्द गर्नुपर्छ । युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्छ र आमाका सपना पूरा गर्नुपर्छ । नेपालीलाई स्वभिमानका साथ शिर ठाडो पारेर पूर्खाको धर्म थाम्न लगाउनुपर्छ । आफ्नो देशको मुहार फेर्नुपर्छ । घरपरिवारमा खुसीका साथ रहनुपर्छ भने समाज र राष्ट्रमा उच्च सम्मानका साथ बाँच्नुपर्छ । जीवनलाई राष्ट्र निर्माणमा लगाएर उज्यालो भविष्यको यात्रा तय गर्नुपर्छ भन्ने प्रतीयमान अर्थ वस्तु तहमा व्यञ्जित छ ।

**(ख) अलङ्कार ध्वनि**

प्रस्तुत कविताका विभिन्न प्रकरणमा अलङ्कार ध्वनिको स्वरूप भेटिन्छ । कविताको पहिलो प्रकरणमा उपमा अलङ्कारको प्रयोग भेटिन्छ । आफूले जन्माएका सन्तानहरूले दुध र मातृत्वको अवमूल्यन गरेपछिको आमाको विक्षिप्त अवस्थालाई उपमा अलङ्कारले यसरी अलङ्करण गरेको छ :

सधैँ सधैँ मेरो सपनामा
असङ्ख्य युवती आमाहरू
मेरो अगाडि आउँछन्
र बहुलाई झैँ
अब मेरो दूधको कुनै मूल्य छैन
अब मेरो मातृत्वको कुनै अर्थ छैन
भन्ने गीत गाउँछन् ।

प्रस्तुत उद्धरणमा प्रयुक्त 'युवती आमाहरू' उपमेय अर्थात् प्रस्तुत र 'बहुलाई' उपमान अर्थात् अप्रस्तुतका रूपमा रहेका छन् भने 'झैँ' वाचकले युवती आमाहरू र बहुलाईको कार्यगत समानताको भावाभिव्यक्ति प्रस्तुत गरेको छ । कवितामा युवती आमाहरूलाई बहुलाईसँग तुलना गर्दा युवती आमाहरूको मानसिक विक्षिप्तता गर्भित विद्रोहको स्वर प्रतीयमान अर्थका रूपमा अभिव्यक्त भएको छ। प्रस्तुत कवितांशमा प्रयुक्त उपमानको प्रयोगले जुन प्रभावसाम्य स्थापना हुन पुगेको छ त्यसले वाच्यार्थलाई अतिक्रमण गरेको छ र त्यसको गर्भमा रहेको ध्वन्यार्थ आमाको सन्तान वियोगको पीडा विद्रोहका स्वरूपमा अलङ्कृत छ ।

कविताको यसै प्रकरणमा अर्को पनि उपमाको प्रयोग भेटिन्छ । नेपाल आमाका सन्तान भन्न पनि लायक नरहेका कुपुत्रहरूलाई सुँगुरका भट्ट र गन्धा बच्चाको प्रतीकका रूपमा प्रस्तुत गरेका छन् । जसलाई साक्ष्यका रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

र मलाई देखाई देखाईकन
सुँगुरका भद्दा गन्दा बच्चाहरूलाई झैँ
आफ्ना अतिशय दूधले गानिएको
स्तन चुसाउँछन्

प्रस्तुत उद्धरणमा 'सुँगुरका भद्दा गन्दा बच्चाहरू' अप्रस्तुत अर्थात् उपमानको उपस्थिति छ भने बालकमा स्तन चुसेका छोरा उपमेय प्रकरणको पूर्व सन्दर्भमा उल्लिखित छ । उपमान अर्थात् अप्रस्तुत विधान र उपमेयको प्रयोगले कवितामा प्रसङ्गत साम्य प्राप्त गरेको छ। जसले गर्दा कवितामा भावाभिव्यक्ति सशक्त बनेको छ। त्यसैगरी कविताको दोस्रो प्रकरणमा पनि उपमा र रूपक अलङ्कारको प्रयोग भेटिन्छ । जसलाई साक्ष्यका रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

सधैँ सधैँ मेरो सपनामा
असङ्ख्य युवती विधवाहरू मेरो अगाडि आएर
आफूलाई सम्पूर्ण रूपमा नङ्ग्याउँछन् र
आफ्नो हिउँ जस्तो कोमल तनमा
दुनियाँको कामुक आँखाले पोलेको
कालाकाला डामहरू देखाउँछन्

प्रस्तुत उद्धरणमा प्रयुक्त उपमा र रूपकको आयोजनामा जुन किसिमले अप्रस्तुतको विधान गरिएको छ त्यसले प्रकरणका तहमा ध्वन्यात्मक अर्थ प्रदान गरेको छ। उद्धरणमा प्रयुक्त 'हिउँ' उपमान अर्थात् अप्रस्तुत र 'तन' उपमेय अर्थात् प्रस्तुतका बिचमा रूपसाम्यगत जुन स्थिति देखाइएको छ त्यसले कवितामा प्रभाव साम्य स्थापित गरेको छ र विशिष्ट अर्थको अविर्भाव भएको छ। त्यसैगरी हिउँ जस्तो कोमल तनमा दुनियाँको कामुक आँखाले पोलेको कालाकाला डामहरू देखाउँछन् वाक्यमा कामुक हेराइलाई पोलेका काला डामहरूमा आरोपित गरिएको छ। यस प्रकारको रूपकमा सूक्ष्म एवम् अमूर्त भाव व्यञ्जना गर्भित छ। प्रस्तुत उद्धरणले मलायको भर्तीकेन्द्रले विखण्डित पारेको सामाजिक संरचना र त्यसबाट उत्पन्न सामाजिक विषम परिस्थितिको चित्रण गरेको छ। साथै शक्ति राष्ट्रहरूको विस्तारवादी नीति तथा औपनिवेशिकताले उत्पन्न खतराप्रतिको भाव व्यञ्जित छ।

कविताको अन्तिम प्रकरणमा उत्प्रेक्षा अलङ्कारको प्रयोग भेटिन्छ। यसमा मलायका लाहुरेको जीवनलाई आँसुको सागरै पो हो कि भन्ने अर्थ निहित छ। जसलाई साक्ष्यका रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

मलायका असङ्ख्य -असङ्ख्य मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ

प्रस्तुत उद्धरणले आँसुको सागरको सम्भावनामा लाहुरे जीवनका दुःख एवम पीडालाई ध्वनित गरेको छ। युद्धमा होमिएका कारण नेपाली युवाहरूको जीवन कारुणिक बनेको ध्वन्यात्मक अर्थ प्रकटित छ। एकातिर बेरोजगारीको समस्याले लाहुरे हुनै परेको छ अर्कातिर युद्धको अभिघातले जहान केटाकेटीको अवस्था कारुणिक बन्न पुगेको प्रतीयमान अर्थ उद्धरणमा व्यञ्जित छ। यसरी प्रस्तुत कवितामा उपमा, रूपक र उत्प्रेक्षा अलङ्कारले अलङ्कृत स्वरूपको ध्वनि व्यञ्जित छ।

### (ग) रसध्वनि

प्रस्तुत कविता नेपालीको मलायमा लाहुरे हुने संस्कृति परम्पराकै रूपमा स्थापित भएपछिको नेपाली मानसिकता र परिणतिमाथिको व्यङ्ग्यमा आधारित छ। तत्कालीन नेपाली समाज र मलायमा लाहुरे हुने संस्कृतिप्रति जुगुप्सा भाव अभिव्यक्त गरिएको यस कवितामा बीभत्सरसाभास अभिव्यञ्जित छ। कवितामा सन्दर्भअनुसार फरक फरक भावको अभिव्यक्ति भएपनि अन्ततः बीभत्स रसले काव्यमा व्यङ्ग्यार्थ ध्वनित गरेको छ। कवितामा कतै करुण रस कतै रौद्र रसको उपस्थिति रहे पनि ती सबै बीभत्स रसकै अङ्गी बनेका छन्। कवितामा जुन तत्कालीन समाज र लाहुरेलाई प्रतिनिधि परिवेश र पात्रका रूपमा उपस्थापन गराइएको छ। ती बीभत्स रसको स्थायीभाव जुगुप्सा भावलाई जागृत

गराउने विभाव हुन् । जसअर्न्तगत लाहुरे, सुँगुरका भट्टा गन्दा बच्चा, युवती आमाहरू, दुधले गानिएका स्तन, विधवा श्रीमती, लाहुरेका लास आदि आलम्बन विभावका रूपमा रहेका छन् भने गानिएको स्तन चुसाएको दृश्य, लास डुबेको र उत्रेको दृश्य, कपाल लुछेको र छाति पिटेका दृश्य उद्दीपन विभावका रूप हुन । गानिएका स्तन चुसेको र लास डुबेउत्रेको देखेर सहृदयीका अर्थात् कविका मनमा छि छि र दूरदूर भाव पैदा हुने स्थिति कवितामा रहेको छ । जसलाई साक्ष्यका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

र मलाई देखाई देखाईकन
सुँगुरका भट्टा गन्दा बच्चाहरूलाई झैं
आफ्ना अतिशय दूधले गानिएको
स्तन चुसाउँछन्

प्रस्तुत उद्धरणमा रहेका विभावादि रस सामग्री व्यञ्जक हुन् भने तिनै व्यञ्जकबाट घृणाजन्य व्यङ्ग्यभाव रसस्वरूप ध्वनित भएको छ । यसका सन्दर्भमा सुधा त्रिपाठीको धारण यहाँ सान्दर्भिक देखिन्छ : "प्रस्तुत कवितामा सुँगुरका भट्टा गन्दा बच्चाहरूलाई झैं आफ्ना अतिशय दुधले गानिएको स्तन चुसाउँछन् भन्ने पङ्क्तिमा सुँगुरका भट्टा गन्दा बच्चाहरूले मानवको एउटा असामान्य स्थितिको सङ्केत गरेको छ । जसमा सन्तति विरहले पिल्सिएकी सन्तानेच्छुक युवती आमाले ती सुँगुरका बच्चालाई मानव सन्तान सरह व्यवहार गर्नु आफैंमा एउटा चर्को विद्रोह हो र र हुतीहारा नेपालीप्रति तीक्ष्ण व्यङ्ग्य हो" (त्रिपाठी, २०५८, पृ. १३) । देशको गिर्दो सामाजिक आर्थिक स्थितिका कारण आफ्ना सन्तानहरू विदेसिनु परेकोमा अनुत्तरदायी शासकहरूप्रतिको कठोर र मर्मभेदी व्यङ्ग्यात्मक आक्षेप उद्धरणनिहित व्यञ्जकमा गर्भित छ । जसले सिङ्गो राष्ट्रिय अस्मितामाथि नै निर्मम समीक्षाको उद्बोधन गरेको छ । त्यसैगरी लासको वस्तुरूप र त्यसको उठने डुब्ने क्रिया आदि रस व्यञ्जकबाट लासले समेत घृणा भावले हेर्ने व्यङ्ग्यार्थ कवितामा अभिव्यञ्जित छ । जसलाई साक्ष्यका रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

तर डुब्नु भन्दा अगाडि मलाई
प्रत्येक लासले घृणाले हेर्छ
आह ! मेरो सपनामा मलाई
मेरो विपनाको इतिहासले घृणा गर्छ

कवितामा प्रयुक्त लासको जुन विम्बविधान गरिएको छ, त्यसले दास मानसिकताबाट मुक्त हुन नसक्ने नेपालीप्रति व्यङ्ग्य गरेको छ । नेपाली युवाहरू स्वदेशको माया मारेर विदेश पलायन हुने प्रवृत्तिप्रतिको व्यङ्ग्य यसमा ध्वनित छ । वीर पुर्खाका सन्तान जो विदेशी पल्टनमा छन् तिनै पल्टनेहरूको किंकर्तव्यविमूढको मनस्थितिलाई प्रस्तुत उद्धरणले इङ्गित गरेको छ । आज स्वदेशमै बसेर पुर्खाको संस्कृतिलाई अविच्छिन्न राख्न सर्मथ नहुने युवाहरूकै कारण नेपालीहरू लज्जित हुनु परेको ध्वन्यार्थ व्यञ्जित छ । कवितामा प्रयुक्त बिम्ब, प्रतीक, भाषिक विचलन लगायतका गद्यशैलीका विशिष्ट भाषिक संरचनागत उपकरणले पनि रसध्वनिलाई परिपुष्ट पारेका छन् ।

## ५. निष्कर्ष

कवि भूपीको सधैं सधैं मेरो सपनामा कविता तत्कालीन नेपाली समाजको मलायमा लाहुरे हुनै पर्ने नेपालीको दास मानसिकता र त्यसबाट उत्पन्न परिणतिको अभिव्यक्ति दिने व्यङ्ग्य-चेतना भावयुक्त उत्कृष्ट कविता हो । तत्कालीन नेपाली समाजको वस्तुयथार्थ एवम् जातीय चित्रण भएको प्रस्तुत कविताले वीरपुर्खाका सन्तान नेपालीहरू दयनीय अवस्थामा पुगेको सन्दर्भलाई इङ्गित गरेको छ । नेपालीको दास मानसिकता र विदेशी औपनिवेशिकताबाट मुक्तिको चाहना व्यञ्जनाको तहमा पदावलीमा आश्रित छ । कवितामा नेपालीहरू विदेशमा भर्ती भएर लाहुरे बन्ने संस्कृतिले गर्दा राष्ट्रिय स्वाभिमान र वीर गोर्खालीको शिर निहुरिएको प्रतीयमान अर्थ ध्वनित छ । मूलतः सुगौली सन्धिपछिको गोर्खा भर्ती केन्द्र र त्यसले उत्पन्न गरेको दास मानसिकताबाट नेपाल र नेपालीले भोग्नु परेको आर्थिक दुर्नियति र सांस्कृतिक क्षतिको सिङ्गो सामाजिक चित्र कविताको प्रकरणाश्रित वस्तुध्वनि हो । कविताले नेपालीहरूले आफ्नो जीवन मूल्यका खोजमा भोग्नु परेका युगीन जटिलतालाई प्रस्तुत गरेको छ । नेपालीहरूको दयनीय आर्थिक अवस्थाले भन्दा पनि मानसिक दारिद्रयताले आजको पुस्ता घर, परिवार र राज्यप्रति अकर्मण्य बनिदिँदा राष्ट्रको वर्तमान र भविष्य दुवै उज्यालो नरहेको यसको व्यञ्जना अर्थ हो । इतिहासको गौरवबोध गर्दै विदेशी प्रभुत्व र विस्तारवादी शक्तिराष्ट्रहरूको हस्तक्षेपबाट देशलाई मुक्त गर्नु युवाहरूको मूल दायित्व हो । त्यसैले रोजगारीका लागि विदेसिने परम्परालाई तोडेर आफ्नै पूर्खाको गौरवको गाथालाई जोगाउनु आजका पुस्ताको मूल अभिभारा हो भन्ने सन्देश कविताले दिएको छ । कवितामा अन्तर्निहित ध्वन्यार्थको अभिव्यक्तिमा कविताका पदावली र प्रकरणाश्रित व्यञ्जकको मुख्य भूमिका रहेको छ । त्यसैगरी कवितामा निहित व्यञ्जनार्थ अर्थात् ध्वन्यार्थ विभिन्न सन्दर्भले वस्तुध्वनि तथा उपमा, रूपक आदि अलङ्कारले अलङ्कार ध्वनि र विभावादिको संयोगले रसध्वनिको स्वरूपमा व्यक्त भएको देखिन्छ । कवितामा उपमा, रूपक र उत्प्रेक्षा अलङ्कारको अनुप्रयोगले व्यङ्ग्यार्थ सिद्धिमा मुख्य भूमिका खेलेका छन् । कवितामा प्रयुक्त उपमा, रूपक र उत्प्रेक्षाजस्ता उपकरणको एकल एवम् सहप्रयोगले ध्वन्यार्थ अनुरणित गर्न समर्थ हुनु यसको प्राप्ति हो । प्रमुख अर्थका रूपमा व्यञ्जित ध्वन्यार्थको प्रतीतिमा अलङ्कार ध्वनि र रसध्वनिको उपस्थिति सशक्त रहनु पनि यसको उपलब्धि हो । समग्रमा नेपालीहरूको आर्थिक अवस्था नाजुक भएकै कारण नेपाली युवाहरू विदेशमा सिपाहीको जागिर खाएर लडाइँमा मर्न बाध्य हुनु परेको स्थिति र त्यसबाट उत्पन्न परिणतिमाथि गरिएको आलोचनात्मक चेत नै ध्वन्यात्मक रूपमा प्रकटित छ । अब विदेशी औपनिवेशिकताबाट नेपाललाई मुक्त पार्नु र देशकै सेवामा लाग्नु नेपालीको दायित्व हो भन्ने ध्वन्यार्थ कवितामा ध्वनित छ । प्रतीकात्मक दृश्य विधान र व्यङ्ग्यात्मक भाव विम्बले कविता पूर्वीय काव्यशास्त्रको ध्वनिकाव्य भन्नु समीचीन हुन्छ ।

### सन्दर्भ सामग्रीसूची

आनन्दवर्द्धन, (सन् २०१०), *ध्वन्यालोक,* नगेन्द्र (सम्पा.), (पुनःमुद्रण) वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

उपाध्याय, केशवप्रसाद (२०५५), *पूर्वीय साहित्य सिद्धान्त,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

खनाल, यदुनाथ (२०६८), *यदुनाथ खनालका समालोचना,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गडतौला, नारायणप्रसाद (२०७७), *पूर्वीय काव्यशास्त्रको प्रायोगिक पद्धति,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, वेणीमाधव (२०६७), *काव्यदीपिका,* (चौँथो संस्क.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, सुधा (२०५८), *दृष्टि चौतारी,* ललितपुर : साझा प्रकाशन ।

नेपाल, शैलेन्दु प्रकाश (२०७९), *ध्वनितात्त्विक समालोचना,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्यसिद्धान्त,* (दोस्रो संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, बद्रीविशाल (२०४७), भूपीका कवितामा भावसज्जा र कलात्मक सज्जा, *उन्नयन, २* (४) पृ. १३१ ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (?), *नेपाली कविता र काव्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

मम्मट, (सन् २०१०), *काव्यप्रकाश,* नगेन्द्र (सम्पा.), (पुनःमुद्रण) वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

शर्मा, सुकुम (२०६६), *सिर्जनाका परिधिमा भूपी शेरचन,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

शेरचन, भूपी (२०६२), *घुम्ने मेचमाथि अन्धो मान्छे,* (एघारौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५८), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता वाद र प्रणाली,* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन

सुवेदी, राजेन्द्र (२०४७), उपेक्षित उपमानको प्रयोग कवि भूपीको घुम्ने मेचमाथि अन्धो मान्छे भित्र, *उन्नयन २*(४), पृ. १०४ ।